# काठमाडौं विश्वविद्यालय र वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान वीच सम्पन्न सम्झौता पत्र

काठमाडौं विश्वविद्यालय र वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान वीच मेडिकल कार्यक्रम सञ्चालन तथा प्रवर्द्धन गर्ने उद्देश्यले २००६ र २००७ मा शैक्षिक, अनुसन्धान तथा फ्याकल्टी आदान प्रदान गर्ने सम्झौता भएको पृष्ठभूमीमा काठमाडौं विश्वविद्यालय ऐन, २०४८ अन्तर्गत स्थापित काठमाडौं विश्वविद्यालय धुलिखेल (यसपछि यस सम्झौतामा विश्वविद्यालय भनिएको) र वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ अन्तर्गत स्थापित वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान (यसपछि यस सम्झौतामा प्रतिष्ठान भनिएको)का बीच एम.बी.बी.एस. कार्यक्रमको प्राज्ञिक तथा शैक्षिक व्यवथापन गर्ने उद्देश्यले शैक्षिक तथा प्राज्ञिक स्तर कायम राख्न नेपाल सरकार,शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय तथा चिकित्सा शिक्षा आयोगको रोहवरमा देहाय बमोजिम गर्ने गरी यो सम्झौता सम्पन्न भएको छ ।

१. विश्वविद्यालय र प्रतिष्ठान परस्पर सहकार्य गर्दै विश्वविद्यालय अन्तर्गतका मेडिकल कलेज तथा अस्पताल सञ्चालनका लागि उक्त कलेजको प्राज्ञिक तथा शैक्षिक व्यवस्थापकीय भूमिका निर्वाह गरी उच्चस्तरको शैक्षिक तथा प्राज्ञिक स्तर कायम राख्न सरकारको नीति, निर्णय तथा राष्टिय चिकित्सा शिक्षा ऐन, २०७५ अनुरुप नेपालमा मेडिकल शिक्षाको विकास र विस्तारमा योगदान पुऱ्याउन परस्पर दुवै पक्ष सहमत भएका छौं ।

२. विश्वविद्यालय बाट सम्बन्धन प्रदान गरिएको तथा गरिने मेडिकल कलेज तथा शिक्षण अस्पतालको शैक्षिक तथा प्राज्ञिक स्तर कायम राख्न विश्वविद्यालय र सम्बन्धन प्राप्त मेडिकल कलेजलाई सघाउन प्रतिष्ठान प्रतिवद्ध रहनेछ ।

३. कलेजको शैक्षिक तथा प्राज्ञिक स्तर कायम राख्न प्रचलित ऐन नियम बमोजिमको प्राज्ञिक व्यवस्थापन तथा नियन्त्रणका लागि विश्वविद्यालयलाई सम्बन्धन बापत प्राप्तहुने शुल्क तथा अन्य शुल्क आपसी सहमतिका आधारमा प्रतिष्ठानलाई उपलब्ध गराइनेछ ।

(स्पष्टीकरण : शैक्षिक तथा प्राज्ञिक स्तर भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५, नेपाल मेडिकल काउन्सिलद्वारा तोकिएको र समय समयमा तोकिने मापदण्ड अनुसार क्लिनिकल विभागहरुको स्थापना, सञ्चालन, आवश्यक फ्याकल्टी संख्या र स्वास्थ्य सम्बन्धी तोकिएको अन्य व्यवस्था भन्ने बुझ्नु पर्नेछ )

४. विश्वविद्यालयले लिने University Exam सञ्चालनका लागि प्रतिष्ठानले परीक्षक तथा आवश्यक व्यवस्थापनका लागि सहयोग उपलब्ध गराउनेछ ।

५. काठमाडौं विश्वविद्यालयका कुलपति एवं सहकुलपतिको अध्यक्षतामा सम्पन्न काठमाडौं विश्वविद्यालय सभाको मिति २०७७ फागुन १२ गते सम्पन्न ८९औं बैठकले झापाको विर्तामोडस्थित श्री बी एण्ड सी मेडिकल कलेज एण्ड रिसर्च सेन्टर प्रा.लि. (प्रस्तावित) लाई सम्बन्धन दिने प्रक्रिया अगाडी बढाउने निर्णय गरेको सन्दर्भमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १३ को उपदफा ६ मा एउटा विश्वविद्यालयले ५ वटा भन्दा बढी सम्बन्धन दिन नपाउने व्यवस्था गरेको तर सोही उपदफामा उक्त ऐन जारी हुनुभन्दा अघि सम्बन्धन दिई सकेका र मानसायपत्र लिई मापदण्ड पूरा गरेका काठमाडौं उपत्यका वाहिरका शिक्षण संस्थाका हकमा उक्त प्रावधान लागू नहुने र काठमाडौं उपत्यका वाहिरका अन्य शिक्षण संस्थाका हकमा आयोगले निर्णय गरे बमोजिम हुने व्यवस्था अनुरुप एम.बी.बी.एस कार्यक्रम सञ्चालनका लागि विश्वविद्यालयबाट सम्बन्धन प्रदान गरिने झापा, विर्तामोडस्थित प्रस्तावित बी एण्ड सी मेडिकल कलेज टिचिङ्ग हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.लाई समेत यसै सम्झौता अनुसार हुनेगरी सञ्चालन गरिनेछ ।

६. विश्वविद्यालयले झापा, विर्तामोडस्थित प्रस्तावित बी एण्ड सी मेडिकल कलेज टिचिङ्ग हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.लाई सम्बन्धन प्रदान गर्ने र प्रतिष्ठानको ऐनमा सम्बन्धन दिन सकिने कानूनी व्यवस्था कायम हुनासाथ विश्वविद्यालयबाट उक्त मेडिकल कलेजको सम्बन्धन कानून बमोजिम प्रतिष्ठान

अन्तर्गत हस्तान्तरण गरिनेछ । यसरी विश्वविद्यालयबाट सम्बन्धन हस्तान्तरण भएको मिति पछि मेडिकल कलेजमा भर्ना हुने विद्यार्थीको शैक्षिक उपाधिको प्रमाणपत्र प्रतिष्ठानबाट जारी गर्नेछ ।

७. विश्वविद्यालय र प्रतिष्ठान बीच आइपर्ने समस्याहरुको निराकरण गर्न र यो सम्झौतामा तोकिए बमोजिम भनिएको विषयहरु तोक्ने, हेरफेर गर्ने जस्ता कार्य गर्न र यो सम्झौतामा नपरेका व्यवस्थाहरु गर्न गराउन विश्वविद्यालय र प्रतिष्ठानले आवश्यक पदाधिकारीहरु सम्मिलित बैठक वा समिति गठन गर्नेछन् ।

८. यस सम्झौतामा नलेखिएका कुराहरु विश्वविद्यालय ऐनमा र सो अन्तर्गत बनेका नियमहरु र प्रतिष्ठानको ऐनमा र सो अन्तर्गत बनेका नियम बमोजिम हुनेछ ।

९. यो सम्झौतालाई दुवै पक्षको सहमतिबाट संशोधन, नविकरण गर्न सकिनेछ । संशोधन भएको अंश यसै सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

यो सम्झौता काठमाडौं विश्वविद्यालय कार्यकारी परिषद् र प्रतिष्ठानको कार्यकारिणी समितिले अनुमोदन गरेको मितिदेखि लागु हुनेछ ।

रोहवर

..............................

माननीय मन्त्री श्री कृष्ण गोपाल श्रेष्ठ
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
नेपाल सरकार
(सहि / छाप)

मा. कृष्ण गोपाल श्रेष्ठ
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री

नेपाल सरकार
माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूको निजी सचिवालय
सिंहदरबार, काठमाडौं, नेपाल

------------------
प्रा.डा.भोला थापा
उपकुलपति
काठमाडौं विश्वविद्यालय
धुलिखेल, काभ्रे

KATHMANDU UNIVERSITY
1991

------------------
प्रा.डा.ज्ञानेन्द्र गिरी
उपकुलपति
वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान
धरान, सुनसरी

श्री..............................

श्री चिकित्सा शिक्षा आयोग
सानोठिमी
(सहि / छाप)

साक्षी
प्रा.डा.सुबोध शर्मा, रजिष्ट्रार,काठमाडौं विश्वविद्यालय ।

साक्षी
प्रा.डा.मोहनचन्द्र रेग्मी, रजिष्ट्रार
वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान

B.P. Koirala Institute of Health Sciences
1993

ईति सम्बत २०७७ साल फागुन २६ गते ४ रोज शुभम् ................ ।